# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


मितिः २०७७/०६/१५

## "ज्येष्ठ नागरिक दिवसको हार्दिक शुभकामना"

**आदरणीय नगरबासी ज्येष्ठ नागरिक आमा बुवाहरु,**

आज मिति २०७७ साल असोज १५ गते ज्येष्ठ नागरिक दिवस । हाम्रा ज्येष्ठ आदरणीय बुवा आमाहरुमा उच्च सम्मान सहित हार्दिक शुभकामना ।

बालापन, युवा अवस्था तथा ज्येष्ठता प्राकृतिक नियम हो । जीवन निश्चलताको बालापन, जिम्मेवारीसहितको कर्मठ युवा अवस्था हुँदै जीवनका उतारचढावका पलहरु भोग्दै ज्येष्ठ अवस्थामा आईपुग्दछ ।

ज्येष्ठ नागरिक बुवा आमाहरु हाम्रा परिपक्व अभिभावकहरुका रुपमा हुनुहुन्छ । समाजका हरेक काल खण्डलाई भोग्नु भएका ज्येष्ठ नागरिक हजुरहरु हाम्रो समाजको जिवन्त स्मरण हो, हाम्रा कला संस्कृती र अनुशासनका आयामहरु सहित सदैब हामीलाई सत्कर्ममा लाग्न प्रेरित गर्ने प्रेरणाका मुहान हुनुहुन्छ ।

ज्येष्ठ नागरिक दिवसको अवसरमा ज्येष्ठ नागरिक सबैलाई समाजको रुपान्तरणमा यहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दै हामी नेपालीहरुको महान पर्व बडा दशैंको उपलक्ष्यमा हरेक वर्ष झै यो वर्ष पनि हजुरहरुलाई न्यानो कपडा सहित सम्मान अर्पण गर्नेछौं ।

आउनुहोस! हामी सबैले हाम्रा जिवन्त धरोहर ज्येष्ठ नागरिक आमा बुवाहरुको दिर्घायु सुस्वास्थ्यको कामना सहित संरक्षण र सम्मान गरौं ।

............................
बसन्ती डंगोल तामाङ
(नगर उप-प्रमुख)
दक्षिणकाली नगरपालिका

............................
मोहन बस्नेत
(नगर प्रमुख)
दक्षिणकाली नगरपालिका